# उज्यालो नेपाल पार्टीको

# घोषणापत्र – २०८२

*"उन्नत लोकतन्त्रकालागि सुशासन, पारदर्शिता र रोजगारी;*

*नयाँ सोच सहितको युवा नेतृत्व, द्रुत विकास र सामाजिक न्यायकोलागि"*

## उज्यालो नेपाल पार्टीको घोषणापत्र – २०८२

# सुशासन, समृद्धि र सामाजिक न्यायमा आधारित दिगो विकास

### १. पृष्ठभूमिः नयाँ युगको प्रारम्भ

नेपाल विश्वकै सर्वोच्च शिखर सगरमाथा, प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक समृद्धि र ऐतिहासिक गौरवले सम्पन्न देश हो। भगवान् गौतम बुद्धको जन्मभूमि, सभ्यता र दर्शनको संगम स्थलका रूपमा नेपालले विश्व समुदायमा पहिचान बनाएको छ। तर, यति विशिष्ट सम्भावना र सम्पदाले सम्पन्न राष्ट्र पटक पटक राजनीतिक अस्थिरताबाट गुज्रँदै आएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संरचना स्थापना भए पनि विधीको साशन, पारदर्शिता, संवृद्धी र सामाजिक न्यायको स्थापना हुन सकेन। विशेष गरेर विकास र सुशासनका पक्षमा जनअपेक्षा अनुरुपका कार्यहरुले कुनै गती लिएन । फलतः जनतामा निराशा, आक्रोश र असन्तोष व्याप्त भएको छ ।

राजनीतिक रुपमा मुलुक आज एक संवेदनशील मोडमा उभिएको छ । विगतका ऐतिहासिक राजनीतिक परिवर्तनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रका उपलब्धिहरूले सुशासन, समृद्धि र सामाजिक न्यायका सपनाहरू जगाएका थिए तर दलीय दुष्चक्रका कारण जनअपेक्षाहरु पूरा हुने बाटोतर्फ अग्रसर हुन सकेन । राजनीतिक प्रतिबद्धता र व्यवहारबीचको दूरी बढ्दै जाँदा जनतामा राज्य र लोकतान्त्रिक प्रक्रियाप्रतिको विश्वास क्रमशः कमजोर बन्ने अवस्था सिर्जना भयो । खास गरी सुसंस्कृत राजनैतिक संस्कारको अभाव, सुशासन र आर्थिक रणनीतिको अभावमा समाजमा जनआक्रोश तीव्र रुपमा बढ्दै गयो ।

राजनीतिमा नेतृत्व पुस्तान्तरण र राज्यको बागडोर हस्तान्तरणभन्दा पनि सत्ताको निरन्तरता सुनिश्चित गर्ने प्रवृत्तिमा दत्तचित्त रहने प्रवृत्ति र राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र कमजोर बन्दा राजनीतिमा युवा पुस्ताको सहभागिता गुणात्मक बन्न सकेन । नीति निर्माणमा दीर्घदृष्टि भन्दा अल्पकालीन स्वार्थ हावी हुने अवस्था बन्यो । सरकारी नीति र कागजी विकासे कार्यक्रमले देशको विकास नीतिलाई असंगठित मात्र बनाएन, यसको असर दीर्घकालीन राष्ट्रिय लक्ष्यहरूमा समेत देखापर्यो ।

खासगरी विगत केही दशकयता, भ्रष्टाचार, सत्ताको दुरुपयोग र दलीय संरक्षणवादले राज्य प्रणालीको विश्वसनीयतामाथि गम्भीर प्रश्नहरु खडा भएका थिए । जनसेवाको माध्यम बन्नुपर्ने राजनीति प्रायः निजी र समूहगत स्वार्थमा सीमित बन्ने अवस्था रह्यो । राष्ट्रका स्रोत र अवसरहरू मुठ्ठीभरका मानिस र शक्तिकेन्द्रहरूको नियन्त्रणमा सीमित हुँदा सक्षम, इमानदार र नवप्रवर्तनशील नागरिकहरू

प्रणालीबाट बाहिर धकेलिँदै गएको यथार्थ हामीबीच ताजै छ । जनप्रशासनमा ढिलासुस्ती, जवाफदेहीताको अभाव र प्रक्रियागत जटिलताले शासनलाई सुस्त र जनविरोधी बनाएको छ, जसको परिणामस्वरूप आम नागरिकमा निराशा र असन्तोष बढ्दो छ ।

विशेष गरी सिर्जनशील युवा पुस्तामाथि यस अवस्थाको प्रभाव गहिरो रूपमा परेको छ । देशको भविष्य ठानिएको युवाशक्ति आज बेरोजगारी, अवसरको कमी र दिशाहीनताको अवस्थामा छ । हरेक वर्ष लाखौं युवा वैदेशिक रोजगारीमा निस्किरहेका छन् । रेमिट्यान्सले अर्थतन्त्रलाई त टिकाइरहेको छ, तर यसले देशको उत्पादकत्व क्षमता र राष्ट्रिय आशालाई कमजोर बनाइरहेको छ । मुलुकको राजनीतिक र प्रशासनिक उल्झनमा रहनुभन्दा - सफल र सम्मानजनक जीवन विदेशमा सम्भव छ भन्ने मनोभाव तीव्र छ । यही सोचले देशभित्रका श्रम, सीप र नवप्रवर्तनशक्तिलाई कमजोर बनाउँदै गएको अवस्था छ ।

नेपालको अर्थतन्त्र अझै पनि परम्परागत कृषि, वैदेशिक सहयोग र रेमिट्यान्समा केन्द्रित छ । उत्पादनशील क्षेत्र – कृषि, उद्योग र प्रविधि – मा आवश्यक लगानी नहुँदा आत्मनिर्भरता र दीगोपनाको सपना अधुरो छ। शिक्षाले सीपभन्दा प्रमाणपत्रलाई प्राथमिकता दिएको कारण, युवाहरूले पाएको शिक्षा श्रम बजारसँग मेल खान सकिरहेको छैन । तसर्थ यस्तो अवस्थामा लोकतन्त्रप्रति जनताको विश्वास क्रमशः घट्दै जाने अवस्था सिर्जना भएको छ । धेरै नागरिकहरूका लागि लोकतन्त्र अब जनताको शासन नभई केही सीमित समूहको व्यवस्था जस्तो अनुभूत हुन थालेको छ । यो अवस्थाबाट देशलाई निकास दिन संस्थागत सुधार मात्र होइन, नैतिक पुनर्जागरण आवश्यक छ जसको आधार इमानदार नेतृत्व, जवाफदेही शासन र जनमुखी दीर्घकालीन नीतिहरू हुन् । जेनजी आन्दोलनपश्चात् अब विशेषाधिकारको राजनीति होइन, उद्देश्यको राजनीति; भाषण होइन, परिणाममुखी नेतृत्व; र पहुँच होइन, पारदर्शितामा आधारित शासन संस्कृतिको अपरिहार्यता स्थापित भइसकेको छ ।

देशमा चलिआएको दशकौ देखिको भ्रष्टाचार, कुशासन, बेथिति र अनियमितता लगायतका राजनैतिक अँध्यारोलाई प्रतिरोध गर्दै जनसेवा केन्द्रित नयाँ अध्यायको सुरुवात गर्नको लागि २०८२ भदौमा जेनजी पुस्ताले आमूल परिवर्तनको लागि आन्दोलन गरे। । यो आन्दोलन, केवल असन्तुष्टिको अभिव्यक्ति होइन, उत्तरदायी नेतृत्व र रूपान्तरणको माग हो। भ्रष्ट्राचार अन्त र सुशासनको माग हो । यसले पुरानो राजनीतिक चलनचल्ती र सत्तामुखी सोचलाई स्पष्ट रूपमा अस्वीकृत गर्दै नयाँ पुस्ताको चेतना, साहस र दृष्टिकोणलाई देशको उज्यालो भविष्यसँग जोड्न अदम्य साहस गरेको छ ।

## २. उज्यालो नेपाल पार्टीको स्थापना: सामुदायिक समाजवादसहितको रुपान्तरणको बाटो

परिवर्तित राजनीतिक तथा सामाजिक सन्दर्भमा सामुदायिक समाजवादमा केन्द्रित रही रूपान्तरणकारी दृष्टिकोणसहित "**उज्यालो नेपाल पार्टी**" को स्थापना भएको हो ।

राजनीतिक–आर्थिक सिद्धान्तका रूपमा समाजवाद ले समानता, सामूहिकता, सहकार्य, सामाजिक न्याय र लोककल्याणमुखी राज्यको परिकल्पना गर्दछ। यस अवधारणाले सिर्जनात्मकता र निष्पक्ष प्रतिस्पर्धाको वातावरणमा योग्यता–आधारित प्रणाली र सामूहिक सहकार्यबीचको सन्तुलन कायम रहने उत्तरदायी बजार अर्थतन्त्रलाई प्रोत्साहन गर्छ। समाजवादको मूलभूत धारणा अनुसार, नागरिकका आधारभूत आवश्यकताहरू – खाद्य, वस्त्र, आवास, शिक्षा, स्वास्थ्य र सम्मानको परिपूर्ति राज्यको अनिवार्य दायित्व हो।

लोककल्याणकारी राज्यको सिद्धान्त अनुरूप समाजवादले आर्थिक असमानता र वर्गीय विभेदलाई अन्त्य गर्दै, समान अवसरमा आधारित समृद्धि, दीगो विकास र मानवीय सुखलाई केन्द्रमा राख्ने अर्थनीति निर्माणमा जोड दिन्छ। यस प्रक्रिया अन्तर्गत राज्य, निजी क्षेत्र, सहकारी र समुदायबीचको गतिशील र सन्तुलित साझेदारीमा आधारित समाजवादमुखी अर्थतन्त्रको स्थापना परिकल्पना गरिएको छ।

सामुदायिक समाजवादले व्यक्तिगत स्वतन्त्रता र सामूहिक कल्याण बीच सन्तुलन स्थापना गर्न खोज्छ। यस अवधारणाले प्रत्येक नागरिकलाई आफ्नो आवश्यकता, क्षमता र आकांक्षाअनुसार आर्थिक तथा राजनीतिक जीवनमा सक्रिय सहभागिताको अवसर प्रदान गर्छ। प्रतिस्पर्धात्मक बजार अर्थतन्त्र र निजी क्षेत्रको भूमिका स्वीकृत गर्दै पनि, सामुदायिक समाजवादले सामाजिक विकासका लागि सहकार्य, सहअस्तित्व र टिकाउपनलाई प्राथमिकता दिन्छ।

यस प्रणालीमा लगानीकर्ता, राज्य र समुदायबीच त्रिपक्षीय सहकार्यको व्यवस्था परिकल्पना गरिएको छ, जसले बजारलाई उत्पादक र उपभोक्ताको समान हितमा केन्द्रित बनाउँछ। यसले विद्यमान अस्वस्थ प्रतिस्पर्धा र बिचौलियाको वर्चस्वको अन्त्य गर्दै, समुदायमा विकासका कार्यप्रति स्वामित्वको भावना अभिवृद्धि गर्छ। यसरी, स्थानीय तहमा उत्पन्न भइरहेका अवरोधहरूको दीर्घकालीन समाधान सम्भव हुनेछ। साथै, निजी क्षेत्र, सहकारी र राज्यको भूमिकालाई समुदाय–केन्द्रित बनाइँदै आर्थिक संरचना सामूहिक हितमा उन्मुख गरिनेछ।

सामुदायिक समाजवाद सामूहिक अधिकारको मान्यतालाई संस्थागत गर्दै समाजमा आर्थिक लोकतन्त्र र सामाजिक एकताको आधार सुदृढ गर्न केन्द्रित हुन्छ। यस वैचारिक धाराले समानता, सामाजिक न्याय र समुदायको हितलाई राजनीतिक आर्थिक नीतिको सर्वोच्च प्राथमिकता मान्दछ।

अन्ततः, सामुदायिक समाजवाद समुदायमा आधारित अर्थव्यवस्थाको निर्माणमा समर्पित छ, जसमा स्थानीय समुदायको सक्रिय सहभागिता र स्वामित्व समाजको आर्थिक र राजनीतिक संरचनाको मूल तत्वका रूपमा रहन्छ। यस प्रणालीमा उत्पादनका साधन र स्रोतहरूको स्वामित्व तथा व्यवस्थापनमा समुदायको प्रत्यक्ष भूमिका रहँदा आर्थिक लाभमा सबैको समान पहुँच सुनिश्चित हुन्छ। राज्यकेन्द्रित नियन्त्रणको सट्टा, स्थानीय तहमा समूहगत स्वामित्व र साझेदारी व्यवस्थापनलाई प्रोत्साहन गरी

आर्थिक असमानता न्यूनीकरण र सामाजिक न्याय स्थापनाको सुनिश्चितता प्रदान गर्ने सामुदायिक समाजवादको प्रमुख उद्देश्य हो।

### ३. सहभागितामूलक समावेशी लोकतन्त्र: उज्यालो नेपाल पार्टीको प्रतिबद्धता

उज्यालो नेपाल पार्टीले प्रतिपादन गरेको समावेशी लोकतन्त्रको राजनीतिक सिद्धान्तले राज्यशक्ति, निर्णय–प्रक्रिया र शासन सञ्चालनमा समाजका सबै वर्ग, समुदाय र समूहहरूको समान, अर्थपूर्ण र प्रभावकारी सहभागितालाई लोकतान्त्रिक शासनको केन्द्रीय तत्वका रूपमा स्थापित गर्दछ । पार्टीका दृष्टिमा लोकतन्त्र केवल राजनीतिक अवधारणा मात्र नभई शासन निर्माण र सञ्चालन प्रक्रियाको आधारभूत मार्गदर्शक सिद्धान्त हो ।

अवधारणागत रूपमा, लोकतन्त्रको मूलभूत मान्यता नागरिक स्वतन्त्रता, मौलिक अधिकारहरूको सम्मान, कानूनी राज्य र विधिको शासन, साथै राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरूको संरक्षण र प्रवर्द्धनमा निहित छ । व्यक्ति तथा समुदायको स्व–विकास र स्वशासनको अधिकार, सामाजिक न्याय र समानताको प्रत्याभूति यस सिद्धान्तका अभिन्न पक्षहरू हुन् ।

नेपालको संविधान २०७२ मा उल्लिखित लोकतान्त्रिक मूल्य–मान्यताहरू जस्तै प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, धर्मनिरपेक्षता, स्वायत्तता र स्वशासनको अधिकार, समानुपातिक समावेशिता तथा लोकतान्त्रिक समाजवाद–उज्यालो नेपाल पार्टीको वैचारिक दिशानिर्देशकका रूपमा रहनेछन् । यसका अतिरिक्त स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, पूर्ण प्रेस र अभिव्यक्ति स्वतन्त्रता, फरक मतको सम्मान, बालिग मताधिकार, आवधिक स्वतन्त्र निर्वाचन, जनमतमा आधारित सरकार निर्माण, पारदर्शी र सहभागितामूलक निर्णय प्रक्रिया तथा शक्ति पृथकीकरण पार्टीको शासन सिद्धान्तका आधारस्तम्भ हुन् ।

लोकतन्त्रको सारभूत अवधारणा जनताको शासन हो, तर बहुमतीय प्रणालीमा शक्तिशाली वा प्रभुत्वशाली वर्गहरू मात्र सत्तामा पुग्ने प्रवृत्तिलाई ध्यानमा राखी, उज्यालो नेपाल पार्टीले समानुपातिक समावेशीताको सिद्धान्तमार्फत सम्पूर्ण जनताको प्रतिनिधित्व र आवाज समावेश गर्ने नीतिलाई प्राथमिकता दिन्छ । समावेशी लोकतन्त्रले व्यक्तिगत स्वतन्त्रता मात्र होइन, समुदायगत स्वतन्त्रता र स्वशासनको अधिकारलाई पनि समान महत्त्व दिन्छ । यस सिद्धान्तअनुसार लोकतन्त्र केवल बहुमतको शासन नभई अल्पसंख्यक, उत्पीडित र बहिष्कृत समूहहरूको आवाज, आवश्यकता र हितको समान सम्मान र प्रतिनिधित्वमा आधारित हुनुपर्छ ।

प्रतिनिधिमूलक लोकतन्त्रमा निर्वाचित प्रतिनिधिहरूले जनचाहना अनुसार कार्य नगर्ने वा स्वेच्छाचारी बन्ने सम्भावनालाई न्यून गर्न समावेशी लोकतन्त्रले प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको प्रवर्द्धन

गर्छ । यस्तो प्रणालीमा नागरिकहरूलाई आफ्नो प्रतिनिधिलाई अस्वीकार वा प्रत्याभान गर्ने अधिकार प्रदान गरिन्छ, जसले लोकतन्त्रलाई केवल प्रक्रियागत होइन, परिणाममुखी र उत्तरदायी प्रणालीका रूपमा रूपान्तरण गर्छ ।

यस सिद्धान्तको मूल तत्त्व परिणाममुखी सुशासन र उत्तरदायित्वमा आधारित लोकतान्त्रिक स्थायित्व हो, जसले राज्य र समाजबीचको सम्बन्धलाई सुदृढ बनाउँछ र लोकतन्त्रको वैधता र टिकाउपनलाई बलियो पार्छ । समावेशी लोकतन्त्रले सुशासन, आर्थिक समानता, सामाजिक न्याय र राष्ट्रिय एकताको माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

## ४. बहुसांस्कृतिकवाद र राष्ट्रिय एकता

बहुल संस्कृति नेपालको ऐतिहासिक यथार्थ र विश्व सभ्यताको मूल विशेषता हो। सांस्कृतिक बहुलता केवल सामाजिक विविधताको प्रतिफल मात्र नभई मानव सभ्यताको उत्कर्ष र सह–अस्तित्वको प्रतीक हो। बहुसांस्कृतिकवादले विभिन्न संस्कृति, भाषा, धर्म, परम्परा र आस्थाहरूको संरक्षण, सम्मान र प्रवर्द्धन गर्नुपर्ने मान्यता स्थापित गर्दछ।

उज्यालो नेपाल पार्टीले अंगीकार गरेको बहुसांस्कृतिकवादको दर्शनले विविधतामा एकताको सिद्धान्तमा आधारित राष्ट्रिय एकताको परिकल्पना गर्दछ। यस दृष्टिकोणले नेपालभित्रका विविध जातीय, भाषिक, धार्मिक र सांस्कृतिक समुदायहरूको पहिचानलाई सम्मान गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकता सुदृढ गर्न उद्देश्य राख्दछ। पार्टीको नीतिअनुसार, राष्ट्रको समृद्धि, स्थायित्व र प्रगतिका लागि विविधता र भिन्नतालाई समान सम्मान, अधिकार र अवसरसहित स्वीकार गर्नुपर्छ।

यो विचारधाराले राजनीतिक, सामाजिक र सांस्कृतिक नीति निर्माणमा सबै समुदायको आवाज र आवश्यकता समावेश गर्न जोड दिन्छ। यसले इतिहासका विभेद र असमानताहरू घटाउँदै राष्ट्रिय पहिचानलाई समावेशी स्वरूपमा पुनर्संरचना गर्न सहयोग पुऱ्याउँछ।

उज्यालो नेपाल पार्टीको दृष्टिमा बहुसांस्कृतिक एकता केवल सहिष्णुताको अभ्यास होइन, राष्ट्रको समग्र विकासका लागि अपरिहार्य शक्ति र स्रोत हो। पार्टीले शिक्षा, भाषा, कला, धर्म, र परम्परागत रैथाने ज्ञान–सीपको संरक्षण र प्रवर्द्धनमार्फत सबै समुदायबीच आपसी सम्मान, सहकार्य र विश्वासको वातावरण निर्माण गर्ने लक्ष्य राख्दछ।

यस सिद्धान्तको आधार सह–अस्तित्व, समावेशिता र पारस्परिक सम्मानमा टेकेको छ, जसले साझा राष्ट्रिय भविष्यको निर्माणका लागि सांस्कृतिक विविधतालाई सशक्त बनाउँछ। यस दृष्टिकोणले सांस्कृतिक विविधतालाई लोकतन्त्र, मानव अधिकार र सामाजिक न्यायका मूल आधारका रूपमा स्थापित गर्छ।

अन्ततः, बहुसांस्कृतिकवादमा आधारित राष्ट्रिय एकताले भेदभाव, बहिष्करण र असमानताको अन्त्य गर्दै, सबै समुदायको समान सहभागिता र सम्मानका माध्यमबाट बहुसांस्कृतिक राष्ट्रिय एकता र सामाजिक सद्भाव को स्थायित्व सुनिश्चित गर्दछ।

## ५. पर्यावरण र दीगो विकास

आधुनिक औद्योगिक युगपश्चात् मानव केन्द्रित आर्थिक विकासका नाममा प्राकृतिक स्रोतसाधनहरूको अन्धाधुन्ध दोहन भएको यथार्थलाई आत्मसात् गर्दै, उज्यालो नेपाल पार्टीले *पर्यावरण - केन्द्रित दीगो विकास*को अवधारणालाई आफ्नो नीतिगत दृष्टिकोणको अभिन्न अंगका रूपमा ग्रहण गर्दछ। यस विचारधाराले आर्थिक प्रगतिका सबै रूपहरूमा प्राकृतिक वातावरणको संरक्षण, पारिस्थितिक सन्तुलन र दीर्घकालीन स्थायित्वलाई राजनीतिक, सामाजिक र आर्थिक निर्णय प्रक्रियाको प्राथमिक विषयको रूपमा स्थापित गर्न आग्रह गर्दछ। यसको मूल उद्देश्य मानव र प्रकृति बीचको सम्बन्धलाई सहअस्तित्व र सन्तुलनका सिद्धान्तमा पुनर्स्थापित गर्नु हो ।

आजको विश्व समुदाय जलवायु परिवर्तन, वन विनाश, भूमिक्षय, जल तथा वायू प्रदूषण, जैविक विविधताको क्षय, आणविक शक्तिको अनुचित प्रयोग, प्राकृतिक विपद्, तापक्रम वृद्धि, र विषादीको अत्याधिक प्रयोगका कारण गम्भीर संकटको सामना गरिरहेको छ । यी समस्याहरूले वातावरणीय सोचलाई राष्ट्रिय र वैश्विक राजनीतिक, सामाजिक र आर्थिक निर्णयहरूमा अनिवार्य रूपमा समावेश गर्नुपर्ने आवश्यकता उजागर गरेका छन् । यसले मानव अस्तित्व, प्रकृति र पृथ्वीलाई विकासको वस्तुगत आधारका रूपमा पुनर्परिभाषित गर्न प्रेरित गर्छ । त्यसैले पर्यावरण - केन्द्रित दीगो विकास केबल एक विचारधारा मात्र होइन, भविष्यमुखी सोच र व्यवहारिक आवश्यकता दुवै हो ।

दीगो विकासको सिद्धान्तले विकासको अन्तिम लक्ष्यलाई केबल आर्थिक वृद्धिमा सीमित नगरी, पुस्तौँसम्म टिक्ने प्राकृतिक स्रोतसाधनहरूको दीगो व्यवस्थापन र उपयोग, समावेशी आर्थिक समृद्धि र न्यायपूर्ण वितरण प्रणालीबीचको सन्तुलनमा देख्छ। यस अवधारणाले राज्यका नीति, योजना र कार्यक्रमहरूमा *पर्यावरणमैत्री प्रविधि, नवीकरणीय ऊर्जा* र *समतामूलक आर्थिक अवसरको सृजना*लाई केन्द्रीय प्राथमिकता दिनुपर्ने बताउँछ । यस दृष्टिकोणबाट वर्तमान पुस्ताको आवश्यकता परिपूर्ति गर्दै भविष्यका पुस्ताको सुरक्षा सुनिश्चित गर्न सकिन्छ ।

राजनीतिक दृष्टिले, उज्यालो नेपाल पार्टीले *हरित अर्थतन्त्र, सामाजिक सुरक्षा* र *नवप्रवर्तन*लाई आफ्नो नीतिगत एजेन्डाका प्रमुख स्तम्भहरूका रूपमा अंगीकार गर्छ । यस्तो आर्थिक विकास मोडलले वातावरणलाई क्षति नपुऱ्याई नागरिकहरूको जीवनस्तर उकास्ने, स्रोतसाधनको न्यायोचित उपयोग गर्ने र विकासलाई टिकाउ र उत्तरदायी बनाउने आधार तयार गर्दछ ।

अन्ततः पर्यावरण - केन्द्रित दीगो विकास पार्टीको दृष्टिमा केबल विकासको विकल्प होइन, तर पृथ्वी, मानव र प्रकृतिको पारस्परिक सहअस्तित्व सुनिश्चित गर्ने दीर्घकालीन रणनीतिक रूपान्तरण हो जसले नेपालको समृद्धि, सन्तुलन र स्थायित्वका लक्ष्यहरूलाई एकैसाथ साकार गर्न मार्गनिर्देशन गर्छ।

## ८. उज्यालो नेपाल पार्टीको प्राथमिकता र नीतिहरू

### ८.१ लोकतन्त्रको सबलीकरण र असल राजनीतिक संस्कार

(क) संवैधानिक मूल्य र मानवअधिकारको संरक्षण,

- संविधानमा उल्लिखित तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदत्त मौलिक अधिकार, नागरिक स्वतन्त्रता र लोकतान्त्रिक मूल्यहरूको पूर्ण कार्यान्वयन,
- नागरिकको अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कानुनी, संस्थागत र सामाजिक सुधार ।

(ख) संस्थागत सुधार र जवाफदेहिता,

- राज्यका सबै अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा पारदर्शिता, जवाफदेहिता र पेशागत सक्षमता अभिवृद्धि गर्ने,
- भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र प्रशासनिक दुरुपयोगविरुद्ध शून्य सहनशीलताको नीति र कडा कानूनी सजायको व्यवस्था तथा नीतिगत भ्रष्टाचारको अन्त्य गर्ने ।

(ग) विधिको शासन र न्याय प्रणालीको सुधार,

- कानुनको समानता र न्यायपालिकाको स्वतन्त्रता कायम गर्ने प्रतिबद्धता,
- न्याय प्रणालीमा सुधार गर्दै छिटो, सुलभ र न्यायपूर्ण न्याय उपलब्ध गर्ने ।

(घ) समावेशी र समानुपातिक प्रतिनिधित्व,

- राज्यको सबै संरचनाहरूमा र उम्मेदवारी छनोटमा जातजाति, लिङ्ग, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, भौगोलिक क्षेत्र र पछाडि परिएको समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने,
- अल्पसङ्ख्यक, महिला, युवा र उत्पीडित समूहको राजनीतिक सहभागिता बढाउने विशेष कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) प्रेस स्वतन्त्रता र सूचना अधिकार,

- स्वतन्त्र र निष्पक्ष र जिम्मेवार आम सञ्चारमाध्यमको संरक्षण गर्दै सूचनाको अधिकार सुनिश्चित गरिने,
- जनतालाई सूचना र ज्ञानको पहुँच सुनिश्चित गर्ने नीति ।

### ८.२ तीव्र आर्थिक विकास र समृद्धि

(क) कृषि उत्पादन,

- कृषि उत्पादन र खाद्यन्नमा आत्मनिर्भर बनाइनेछ ।
- क्षेत्रगत विशेषताअनुसार उच्च मूल्य भएका कृषि उत्पादन (जस्तै, जडिबुटी, चिया, कफी, फलफूल आदि) को उत्पादन र निर्यात बनाइनेछ ।
- आधुनिक प्रविधि, सिँचाइ र बजारीकरण प्रणाली सुधार गरी कृषिलाई व्यावसायिक र निर्यातमुखी बनाइनेछ ।
- भूमिसुधार कार्यक्रम लागू गरी कृषक र भूमिहीनलाई जमीनमाथिको पहुँच स्थापित गरिनेछ र भूमिको न्यायोचित वितरण गरिनेछ ।
- व्यावसायिक खेतिका लागि जग्गाको चक्लाबन्दीलाई प्रोत्साहित गरिनेछ ।
- निश्चित कृषियोग्य जमिनलाई कृषिको लागि संरक्षण गरिनेछ ।
- कृषिमा जैविक तथा उपयुक्त प्रबिधि प्रोत्साहन गरिनेछ ।
- जलवायू उत्थानशील कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- राज्यले कृषि उत्पादनको न्युनतम समर्थन मूल्य र बजारको ग्यारेन्टी गरी सिन्डिकेट संयन्त्रको अन्त्य गरिनेछ ।
- कृषिमा आत्मनिर्भर हुन कृषिजन्य वस्तु आयातमा नियमन तथा नियन्त्रण गर्ने नीति अपनाइनेछ ।
- कृषि तथा पशुपालनमा बिमा प्रभावकारी रूपमा लागू गर्ने,
- हरेक स्थानीय तहमा आवश्यकताअनुसारको शीत भण्डार केन्द्रहरूको स्थापना र संचालन गर्न विशेष प्राथमिकता दिइनेछ ।
- कृषक र कृषि श्रमिकको सम्मान सुनिश्चित गर्ने विशेष व्यवस्था गरिनेछ ।
- कृषि क्षेत्रमा सहज र सरल कृषि कर्जाको उपलब्धता गराइनेछ ।
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गरिनेछ ।
- कृषि अनुसन्धान र कृषि कर्मचारी स्थानीय निकायमा पठाउने ।

- आधुनिक कृषि उन्मुख रणनीति र कृषकलाई प्रशिक्षण । Organic-Only Import Policy नेपालमा जैविक (Organic) कृषि उत्पादन मात्र आयात गरिनेछ। घरेलु किसानलाई प्रविधिमैत्री, बजार–केन्द्रित, सुरक्षित मूल्य–आधारित प्रणालीमार्फत नेपाललाई Agri-Tech नेतृत्वयुक्त जैविक उत्पादन केन्द्र बनाइनेछ।
- कृषि नीति बनाउँदा किसानलाई अनिवार्य रूपमा सहभागी गराउने
- मल उपलब्ध गराउन अनिवार्य रुपमा वर्खा भन्दा ५ महिना अघि देखि नै टेन्डर खोल्नु पर्ने प्रावधान गर्ने
- खेत वा प्लान्टमा गएर मात्र अनुदान वितरण गर्ने
- नेपाली कृषिलाई स्थान दिन केहि कृषि उपजमा विदेशी उत्पादनलाई नियन्त्रण गर्ने
- नेपाली भान्साका कम्तिमा १० चिजहरुमा नेपाल आत्मनिर्भर बन्ने गरी लाग्ने
- पूर्णकालिन कृषकलाई नि: शुल्क यातायात अनि सिंहदरबारमा अनुमति बिना प्रवेश जस्ता सेवा सुबिधा दिने
- सरकारले नै मुख्य १० उब्जनीलाई अन्तर्राष्ट्रिय बजारमा लैजान मद्दत गर्ने

(ख) उद्योग तथा वाणिज्य क्षेत्र

- उद्योग एवं कलकारखाना एवं सबैखाले सेवामुलक निकायको दर्ता एवं सहजीकरण एक द्वार प्रणाली (one window system) बाट हुनेछ। साथै, एक द्वार प्रणाली बाटै कर दस्तुर तिरेर, तोकिएको स्थान मा आफ्नो व्यवसाय गर्ने प्रणाली सुनिश्चित गरिनेछ।
- तीव्र औद्योगिकीकरणबाट आर्थिक समुन्नति प्राप्त गर्न उद्योग क्षेत्रलाई चौथो पुस्ताको औद्योगिक अवधारणा (Industry 4.0) अनुरुप रुपान्तरण गरिनेछ ।
- बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Right) को संरक्षण र प्रवर्द्धन गरी औद्योगिक क्षेत्रमा अनुसन्धान र विकास गर्ने उद्यमशील र प्रतिष्पर्धी वातावरण तयार गरिनेछ ।
- गरिवी निवारण गर्न स्थानीय तह मार्फत लघु उद्यम (Micro Enterprises), स्थानीय आर्थिक विकास (LED) र सीप विकास (Capacity Development) कार्यक्रम सघन रुपमा लागू गरिनेछ ।
- स्थानीय संभाव्यताका आधारमा औद्योगिक क्षेत्र (Industrial District), विशेष आर्थिक क्षेत्र (SEZ) र औद्योगिक ग्राम (Industrial Village) स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- निजी क्षेत्रलाई आर्थिक विकासको इन्जिनको रुपमा लिई औद्योगिक पूर्वाधार विकास लगायतका क्षेत्रमा सहकार्य र साझेदारी गरिनेछ ।
- उत्पादनमूलक उद्योगमा वैदेशिक लगानी बढाउन जग्गा प्राप्ति (Land acquisition), वातावरणीय अध्ययन (EIA,IEE) र वित्तीय सेवाको पहुँचलाई सरलीकृत गरी एकद्वार प्रणालीबाट सेवा दिन एकल विन्दु सेवा प्रभावकारी बनाउने र संभाव्य मुलुकहरुसँग द्विपक्षीय लगानी सम्झौता (BIPPA) गरिनेछ ।
- गैर–नेपाली नागरिकसँग भएको पूँजि, ज्ञान र सीपलाई उत्पादनसँग जोडी औद्योगिक विकास मार्फत रोजगारी सिर्जना, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गरिनेछ । औद्योगिक वातावरण निर्माणबाट रोजगारीको अवसर सिर्जना गरी स्वदेशकै माटोमा पसिनाको महक प्रयोग गर्न “फर्क फर्क स्वदेशमै” कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वदेशमा उत्पादित वस्तुको उपयोगलाई प्रोत्साहन गर्दै राष्ट्रसेवक कर्मचारी र विद्यार्थीको लागि कार्यालय र विद्यालयको पोशाक स्वदेशमा उत्पादन गरिनेछ ।
- वहुमूल्य पत्थर, युरेनियम, तामा, फलाम र पेट्रोलियम पदार्थ जस्ता खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभ (Comparative Benefits) का आधारमा विकास गर्दै लगिनेछ ।
- सूचना प्रविधिजन्य वस्तु, पश्मिना, गलैंचा, चिया र कफी जस्ता उच्च मूल्य, न्यून आयतन (High Value, Low Volume) भएका वस्तुको उत्पादनमा जोड दिइ निर्यात प्रवर्द्धनको परिमाण उल्लेख्य रुपमा वृद्धि गरिनेछ ।

- हिमाली र पहाडी क्षेत्रमा जडिबुटी, मूल्यवान पत्थर, अल्लो र वेत जस्ता प्राकृतिक रेसामा आधारित वस्तुको विकास गर्न प्रशोधन केन्द्रहरुको विकास गरिनेछ ।
- कुटनैतिक पहल एवं गुणस्तरीय हवाई, स्थल र जल पूर्वाधारको अन्तरसघनता वृद्धि गरी छिमेकी राष्ट्र र विश्ववजारमा कनेक्टिभिटी बढाइ व्यवसायको लागत मूल्य कम गराइनेछ ।
- उद्योगधन्दाको विकासका लागि नवीन प्रविधि, वित्तीय पहुँच विस्तार र क्षमता विकासका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- विश्ववजारमा आएको परिवर्तनलाई आत्मसात गरी व्यापारलाई सरल र मितव्ययी बनाउन विद्युतीय व्यापार (E-commerce) लाई प्रवर्द्धन गरिनेछ ।
- निर्यात व्यापार प्रवर्द्धन गर्न विश्ववजारको मूल्यश्रृखंलामा आवद्ध भै वस्तुगत र देशगत व्यापार विविधिकरण र प्रकृयागत सरलीकरण गरिनेछ ।
- व्यापार एकिकृत रणनीति तयार गरी तुलनात्मक लाभ र प्रतिष्पर्धी क्षमताका वस्तु र सेवाको निर्यात वृद्धि गर्न विश्व व्यापार संगठन र क्षेत्रीय संगठनहरुसँग राष्ट्रहित अनुकुल वार्ता एवं सम्झौता गरी आर्थिक कुटनीति (Economics Diplomacy) लाई देशको समृद्धिको आधारस्तम्भको रुपमा विकास गरिनेछ ।
- नेपालको मौलिक विशिष्टता रहेको परिचायक उत्पादन (Signature Product) लाई प्रवर्द्धन गरिनेछ ।
- थाङ्का, पानी घट्ट लगायतका स्थानीय शीप र उत्पादनलाई आधुनिकीकरण गर्दै तिनलाई विश्व बजारमा निर्यात गर्न आवश्यक नीति तथा कार्यक्रम बनाइनेछ।
- जल (ऊर्जा, सिंचाइ र पिउने पानी), जमिन (कृषि, आवास, पूर्वाधार), जंगल (प्रकृति, कार्बन क्रेडिट, जैविक विविधता), जनशक्ति (युवा, श्रमिक, प्रवासी, उद्यमी) - यी चार आधार स्तम्भलाई वैज्ञानिक, आधुनिक र दिगो रूपमा उपयोग गर्दै रोजगार, समृद्धि र दिगो राष्ट्र निर्माण गरिनेछ ।

(ग) पर्यटन तथा नागरिक उड्डयन क्षेत्र

- नेपालको अद्वितीय प्राकृतिक सम्पदा र भौगोलिक एवं सामाजिक विविधतालाई विश्वबजारमा ब्राण्डीङ्ग गरी उदीयमान तथा स्थापित दुवै पर्यटकीय सेवा वस्तु तथा गन्तव्यको पहिचान, विकास र विविधिकरण गरिनेछ ।
- आधुनिक प्रविधि र माध्यमको सही संयोजनबाट पर्यटन क्षेत्रको प्रवर्द्धन गरिनेछ ।
- डिजिटल प्रविधि र कृत्रिम वौद्धिकता समेतको प्रयोगबाट नेपाली पर्यटन क्षेत्रको विशेषतालाई विश्वसामु सशक्त रुपमा पर्याइनेछ ।
- पर्यटन प्रवर्द्धनमा कुटनीतिक नियोग, गैर आवासीय नेपाली एवं निजी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।

- नेपाली नागरिकको क्रयशक्ति अभिवृद्धि हुँदै गएको सन्दर्भमा आन्तरिक पर्यटनका गतिविधि विस्तार गर्न प्रोत्साहनमूलक कार्यक्रम तर्जुमा गरिनेछ । संभाव्यताका आधारम यात्रा प्रोत्साहन विदा दिने कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय पहिरन तथा खाना, लोककला र कृषि अभ्यासको व्यावसायीकरण गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरुको वर्गीकरण गरी वस्तुगत विवरण (Profile) तयार गरिनेछ ।
- पर्यटक आकर्षित गर्न स्थानीय जात्रा र महोत्सव आयोजना गरिनेछ ।
- नेपाललाई विवाह समारोह गन्तव्य, हिमाल लक्षित पर्यटकीय गन्तव्य, MICE Tourism र खेल पर्यटनको हबको रुपमा विकास गरिनेछ ।
- मौलिक एवं गुणस्तरीय पर्यटन पूर्वाधार विकासका लागि सार्वजनिक, निजी तथा वैदेशिक लगानीलाई प्रोत्साहित गरिनेछ ।
- पर्यटन सेवामा पहुँच अभिवृदि गर्न हवाई सेवालाई थप सुरक्षित र व्यवस्थित गराइनेछ ।
- बुद्ध सर्किट, रामायण सर्किट. पद्मसंभव परिपथ, मुन्धुम पदयात्रा जस्ता विशिष्ट पर्यटकीय वस्तुको विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहकार्य गरिनेछ ।
- ग्रेट हिमालय ट्रेल र जलयात्रा जस्ता साहसिक पर्यटन सम्वद्ध पूर्वाधार निर्माणमा जोड दिदै यसबाट जीवनपर्यन्त अनुभव (Life time experience) दिलाइ विश्ववजारमा नेपाल स्थापित गन्तव्यको रुपमा परिचित नाम हुने गरी कार्यक्रमलाई अघि बढाइनेछ ।
- सडक विमानस्थल केबलकार लगायतका पूर्वाधारलाई विस्तार एवं स्तरोन्नति गरिनेछ ।
- पर्यटकीय गतिविधिको लाभ स्थानीयस्तरमा पुर्याउन र वातावरणमैत्री बनाउन पर्या पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरुमा हुन सक्ने विपद जोखिमलाई न्यूनीकरण गरिनेछ ।
- पर्यटन क्षेत्रबाट प्राप्त अवसर र लाभको समतामूलक वितरण गरिनेछ ।
- पर्यटन सम्वद्ध नीति एवं कानूनलाई समयसापेक्ष बनाउँदै तीनै तहका सरकारबीच समन्वय सुदृढ गर्नुका साथै क्षमता विकासमा जोड दिइनेछ ।
- पर्यटनका नवीन आयामहरु समेटेर नयाँ पर्यटन कानून तर्जुमा गरिनेछ ।
- हरित अर्थतन्त्र सुदृढ गर्न पर्यापर्यटन क्यासिनो संचालन राहत तथा उद्द्रार जस्ता आवश्यक विषयमा मापदण्ड तर्जुमा गरिनेछ र तीन तहका सरकारबीच स्पष्ट कार्यक्षेत्र र सहकार्यका विषय किटान गरिनेछ ।
- पर्यटकको सुरक्षालाई केन्द्रविन्दुमा राखी उद्दार तथा राहतलाई प्रभावकारी बनाइनेछ । पर्यटक प्रहरीको प्रभावकारी परिचालन गरी हेल्पलाइन सेवालाई विश्वसनीय बनाइनेछ ।
- पर्यटन क्षेत्रबाट रोजगारी तथा स्वरोजगारीको अवसर सिर्जना गर्दै उत्पादकत्व अभिवृद्धिमा केन्द्रित गरिनेछ ।

- पदमार्ग तथा ग्रामीण वस्तीहरुमा होमस्टे संचालन गर्न नीतिगत प्रोत्साहन दिइनेछ । स्थानीय पर्यटकीय गतिविधिमा स्थानीय उत्पादन उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- पर्यटन क्षेत्रमा आवश्यक र बजार माग बमोजिमको दक्ष जनशक्ति विकास गरी गुणस्तरीय सेवा र रोजगारी अभिवृदिमा जोड दिइनेछ ।
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) लाई Deemed University को रुपमा विकास गरिनेछ ।
- योग तथा अध्यात्म पर्यटनलाई मौलिक पर्यटन विस्तारको क्षेत्रको रुपमा विकास गरिनेछ ।
- युरोप लगायत विश्वका विभिन्न रणनीतिक क्षेत्रहरूबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा उडान गर्ने प्रयास
- Digital Nomad Nepal, पाँच वर्षसम्म झन्झट–मुक्त भिसा: नेपाललाई विश्वका डिजिटल पेशेवर, क्रिएटर, टेक–उद्यमी र इनोभेटरहरूको केन्द्र बनाउँदै विदेशी नागरिकलाई ५ वर्षसम्मको hassle-free डिजिटल नोमाड भिसा प्रदान गरिनेछ। यसले प्रविधि, विदेशी मुद्रा, रोजगारी र स्टार्टअप संस्कृतिमा उल्लेखनीय वृद्धि ल्याउनेछ।
- Leasehold नीति, विदेशी तथा तेस्रो विश्वका नागरिकका लागि अपार्टमेन्ट सुविधा: नेपालमा आवास, सेवा र अन्तर्राष्ट्रिय व्यवसायिक उपस्थिति विस्तार गर्न, तेस्रो विश्वका नागरिक, अन्तर्राष्ट्रिय कम्पनी, दूतावास, I/NGO, ग्लोबल संस्थाहरूलाई दीर्घकालीन लीजमा अपार्टमेन्ट/कार्यालय सञ्चालन गर्न अनुमति दिइनेछ। यसले आवास उद्योग, रोजगार र अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढ बनाउनेछ।
- १० अर्ब डलर बराबरको पर्यटन आम्दानीको राष्ट्रिय लक्ष्य: नेपाललाई उच्च स्तरीय पर्यटन गन्तव्य बनाउन: उच्च मूल्यका टुर प्याकेज, ग्रामीण पर्यटन, होमस्टे उद्योग, साहसिक र आध्यात्मिक मार्ग मार्फत १० अर्ब डलर/वर्ष पर्यटन आम्दानीको लक्ष्य बनाइनेछ।
- १० अर्ब डलर बराबरको विद्युत् निर्यात: स्वदेशी र वैदेशिक लगानिमा नेपाललाई Clean Energy Capital of South Asia बनाउँदै, ऊर्जा उत्पादन, प्रशारण, भण्डारण र निर्यात विस्तारमार्फत, १० अर्ब डलर बराबरको ऊर्जा निर्यात सम्भव बनाइनेछ।
- साहसिक पर्यटनको विश्व राजधानी (Nepal = Adventure Tourism Capital of the World): Canyoning, skydiving, trail-running, mountain-biking, ultra–climbing, multi–day trekking जस्ता गतिविधि वैश्विक स्तरमा विस्तार।
- धार्मिक तथा आध्यात्मिक पर्यटनको विश्व राजधानी: लुम्बिनी, पशुपति, जनकपुर, मुक्तिनाथ, गोसाइकुण्ड, स्वयम्भू जस्ता आस्था केन्द्रलाई एकीकृत गरी नेपाललाई Global Capital of Spiritual & Religious Tourism बनाइनेछ।
- जनताले नै राज्यलाई रेट गर्ने नेपाल (Digital Ratings and E-Governance): नागरिक रेटिङ प्रणाली, डिजिटल भोटिङ, paperless approval system, corruption tracking technology, लगायत बाट नेपाललाई १००% ई–शासनयुक्त राज्य बनाइनेछ।
- नेपालले पर्यटन विकासमा परम्परागत मोडलमा मात्र निर्भर रहने होइन, समयानुकूल नयाँ पर्यटन सम्भावनाहरू पहिचान र विकास गर्न प्राथमिकता दिनु आवश्यक छ। विभिन्न भौगोलिक क्षेत्रहरूमा स्थानीय संस्कृति, प्रकृति, कृषि, साहसिक गतिविधि, स्वास्थ्य–कल्याण, ग्रामीण अनुभव जस्ता नयाँ पर्यटन उत्पादन विकास गर्न सकेमा युवाहरूलाई विदेशिनुपर्ने दबाब घटाउन मद्दत हुनेछ।
- यसका अतिरिक्त, नेपालले सेवानिवृत्त पश्चिमी नागरिकहरूका लागि विशेष स्थायी भिसा (Retirement Visa / Permanent Visa) को व्यवस्थाबारे पनि गम्भीरतापूर्वक विचार गरिने छ। यस्तो भिसा प्रणालीमा निम्न कडाइका मापदण्डहरू अनिवार्य हुनुपर्छ— नेपालमा राजनीति वा कुनै पनि धार्मिक गतिविधिमा संलग्न हुन नपाउने, नेपालमै प्रति महिना न्यूनतम १,००० अमेरिकी डलर खर्च गर्नुपर्ने। यस प्रकारको आकर्षक र नियमनबद्ध कार्यक्रमले दीर्घकालीन बसाइयोग्य पर्यटन (Long-Stay Tourism) प्रोत्साहन गर्दछ, जसले आवास, स्वास्थ्य सेवा, यातायात, स्थानीय उत्पादन, कृषि, सेवा क्षेत्र र अन्य धेरै क्षेत्रमा रोजगारी र आर्थिक अवसर सिर्जना गर्छ।
- साथै, नेपालमा प्रचलित Seasonal Gapping—अर्थात् पर्यटन मौसममा अत्यधिक भीड र अफ–सीजनमा अत्यन्तै कमजोरी देखिने अवस्थालाई—समाधान गर्न विविधीकरण अत्यन्तै आवश्यक छ। वर्षभरि पर्यटक आकर्षित गर्न सकिने उत्पादन र गतिविधि विकास गरिए मात्र पर्यटन क्षेत्र स्थायी, दिगो र रोजगारमुखी बन्न सक्छ। समग्रमा, नेपालले

परम्परागत सोचबाट बाहिर निस्केर नवीन, दिगो र दीर्घकालीन पर्यटन रणनीति कार्यान्वयन गर्दै राष्ट्रिय अर्थतन्त्र, युवाहरूको भविष्य, तथा स्थानीय समुदायहरूको जीवनस्तर उत्थानको प्रयास गरिनेछ।

- Mindful Spirituality (सचेत आध्यात्मिकता): नेपालको सांस्कृतिक, ध्यान, योग, र आध्यात्मिक सम्पदालाई आधुनिक रूपमै विश्वसँग जोड्दै— योग/ध्यान केन्द्रहरूको विस्तार, समुदाय–केन्द्रित मानसिक स्वास्थ्य कार्यक्रम, आध्यात्मिक पर्यटनसँग जोडिएका प्रशिक्षण, "Mindful Nepal" अन्तर्राष्ट्रिय ब्रान्ड अभियान मार्फत, नेपाली समाजमा शान्ति, सचेतता र मानसिक स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकता बनाइनेछ।
- Old Age Homes (वरिष्ठ नागरिक स्याहार कार्यक्रम): वरिष्ठ नागरिक सम्मान राष्ट्रको सम्मान हो। उज्यालो नेपाल पार्टीको प्रतिबद्धता: प्रत्येक प्रदेशमा आधुनिक Senior Citizen Care Centers निःशुल्क स्वास्थ्य सेवा, निःशुल्क औषधि मनो–सामाजिक सहयोग, "Adopt a Senior" समुदाय कार्यक्रम, वृद्धाश्रमहरूलाई सरकारी अनुदान, NGO सहकार्य। यसले वृद्ध नागरिकलाई सुरक्षित, सम्मानजनक र खुसी जीवन सुनिश्चित गर्नेछ।

(घ) दक्ष जनशक्ति उत्पादन,

- तालिम, शिक्षा र प्रविधिमैत्री शिक्षा प्रणालीमार्फत दक्ष, सीपयुक्त र प्रतिस्पर्धात्मक जनशक्ति तयार गर्ने,
- विदेशी रोजगारीको सट्टा स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी उद्यमशीलता प्रबद्र्धन गर्ने ।
- विदेशस्थित अध्ययन संस्थाहरुमा अध्ययन, अध्यापन र अनुसन्धानरत नेपाली फर्काउने वातावरण बनाई नेपाललाई शैक्षिक अध्ययनको केन्द्र (Education Hub) को रुपमा विकास गरिनेछ ।

(ङ) वैदेशिक रोजगार तथा प्रवासमा रहेका नेपालीहरूको संलग्नता,

- वैदेशिक रोजगार तथा प्रवासमा रहेका नेपालीहरूले आर्जन गरेको आर्थिक समृद्धिसँगै ज्ञान, सीप, प्रविधि र अनुभवलाई देश विकासमा उपयोग गर्ने,
- लघु र मध्यम उद्यम, सहुलियत ऋण र सीपमूलक तालिममार्फत रोजगारी सिर्जना गरी वैदेशिक रोजगारमा निर्भरता कम गर्ने ।

(च) निजी क्षेत्र र बजार व्यवस्थापन,

- निजी क्षेत्र र बजारलाई खुल्ला र स्वच्छ प्रतिस्पर्धाबाट सेवा विस्तार गर्न संरक्षण तथा प्रोत्साहन गर्ने,
- सुपथ बजार मूल्य कायम गर्ने र कृत्रिम मूल्यबृद्धि नियन्त्रण गर्ने,
- बजार प्रणालीमा सेटिङ, सिन्डिकेट र कार्टेलिङको अन्त्य गर्ने,
- स्वार्थ बाझिने (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) नियमलाई कडाईका साथ लागू गर्ने,
- बिचौलिया र क्रोनी क्यापिटलिज्म अर्थात राज्यशक्तिको आडमा व्यापार व्यवसायबाट मुनाफा कमाउने प्रवृत्तिको अन्त्य गर्ने ।

८.३ पूर्वाधार विस्तार तथा सन्तुलित प्रादेशिक र शहरी विकास,

- सडक, रेल, विमानस्थल र सूचना प्रविधिको विकास गरी यातायात र सञ्चार प्रणालीलाई आधुनिक र पहुँच योग्य बनाउने,
- जलविद्युत्, सौर्य र वायु ऊर्जाजस्ता नवीकरणीय ऊर्जाको उत्पादन र वितरण प्रणाली सुधार गरी ऊर्जा सुरक्षा र आर्थिक वृद्धि गर्ने,
- सन्तुलित प्रादेशिक तथा क्षेत्रीय विकासका साथै प्रदूषणमुक्त, हरियाली, सुरक्षित र व्यवस्थित शहर निर्माण,
- पूर्वाधार विकासमा दीर्घकालीन स्थायित्व र सेवाको लागि कडा गुणस्तर नियन्त्रण प्रणाली अपनाउने , र यसका लागि आवश्यकता अनुसार खरिद ऐन तथा नियमहरूमा पनि सुधार गर्ने,
- पूर्वाधारको योजना, डिजाइन र निर्माणमा स्थानीय वास्तुकला र प्रविधिको आवश्यक समावेशीकरणका साथ नवीन, रचनात्मक, बहु-जोखिम प्रतिरोधी र दिगो विकासको दृष्टिकोण अपनाइने,
- खानेपानी, सिँचाइ, बाढी नियन्त्रण, मनोरञ्जन पर्यटन बहुउद्देश्यीय जस्ता उद्देश्यहरू समावेश गर्दै कृत्रिम जलाशयमा अधारित परियोजनाहरू विकास गर्ने,
- ए.आई. डाटा सेन्टर स्थापना र इन्टरनेट सर्भरहरू स्थापना गर्ने ।

### ८.४ पर्यावरणीय संरक्षण र जलवायु परिवर्तनको संकट निवारण

- टिकाउ विकासका सिद्धान्त अपनाउँदै प्राकृतिक स्रोतसाधनको संरक्षण र दीगो प्रयोग गर्ने,
- हरित ऊर्जा, वन संरक्षण र जलवायु अनुकूलनका कार्यक्रममार्फत पर्यावरणीय संकट न्यूनीकरण गर्नुका साथै कार्बन उत्सर्जन घटाउने,
- हरित औद्योगिक कार्यक्रममार्फत वातावरणीय संरक्षण र आर्थिक विकासमा जोड दिनुका साथै "स्वच्छ उत्पादन" र "हरित रोजगार" सिर्जना गरी वातावरणीय न्याय सुनिश्चित गर्ने,
- जलवायु अनुकूल नीति निर्माण गरी वन, जल, माटो, वन्यजन्तु संरक्षण गर्ने नवीकरणीय ऊर्जा र हरित प्रविधि प्रोत्साहन गर्ने ।

### ८.५ सामाजिक न्यायको ग्यारेन्टी,

(क) जातीय, भाषिक, धार्मिक, लैङ्गिक, वर्गीय, क्षेत्रीय विभेदको अन्त्य,

- सबै प्रकारका विभेद, भेदभाव र बहिष्कारविरुद्ध कानुनी, संस्थागत र सामाजिक सुधार गरी समान अवसर र अधिकार सुनिश्चित गर्ने,
- राज्यको नीति, शिक्षा र सार्वजनिक सेवामा सबै समुदायको समान पहुँच कायम गर्ने,
- वर्गीय शोषण र विभेदको अन्त्य गर्ने ।

(ख) जातीय समानता,

- जातीय पहिचान र अधिकारको सम्मान गर्दै सबै जातजातिलाई राज्यको सबै अवसरमा समान रूपमा सहभागी गराउने,
- जातीय आधारमा हुने कुनै पनि प्रकारको भेदभाव विरुद्ध कडा कानुनी उपाय अवलम्बन गर्ने ।

(ग) लैङ्गिक समानता,

- महिला, पुरुष र लैङ्गिक अल्पसङ्ख्यकबीचको समानता कायम गरी शिक्षा, रोजगारी, राजनीति र सामाजिक जीवनमा समान अवसर प्रदान गर्ने,
- लैङ्गिक हिंसा, छुवाछूत र भेदभावविरुद्ध शून्य सहनशीलता अपनाउने,
- निर्णय तहमा महिला सहभागिता ५०% सम्म सुनिश्चित गर्ने ।

(घ) सकारात्मक पहल र आरक्षण,

- पछाडि परेका जातजाति, महिला, दलित, मधेशी, आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदायका लागि शिक्षा, रोजगारी र राजनीतिमा विशेष आरक्षण र अवसर प्रदान गर्ने,
- सामाजिक न्याय कायम गर्नका लागि राज्यको नीति र कार्यक्रममा सकारात्मक पहलको व्यवस्था गर्ने,
- सकारात्मक पहल र आरक्षण कार्यक्रमका लागि पछाडि परेका जातजाति, लिङ्ग, क्षेत्र, अपाङ्गताका साथै आर्थिक विपन्नतालाई पनि आधार बनाउने ।

**८.६ संस्कृति, भाषा र सम्पदा संरक्षण**

- नेपालका सबै भाषा, संस्कृति, संगीत, कला, साहित्य आदि अभौतिक सम्पदाको संरक्षण र प्रबद्र्धन गर्ने ।
- सांस्कृतिक एवं धार्मिक विविधता र मूल्य रहेको नेपाली समाजको मूर्त र अमूर्त सम्पदाको खोज, अन्वेषण र संरक्षण गरिनेछ ।
- तिलौराकोट लगायतका अन्य संभावित स्थानहरुलाई विश्वसम्पदा सूचीमा सूचिकृत गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

**८.७ शिक्षा**

शिक्षा क्षेत्रलाई सीपमूलक र जीवनपयोगी बनाउन शिक्षालाई संविधानप्रदत्त हक बमोजिम निःशुल्क, पहुँचयोग्य, गुणस्तरीय र रोजगार– केन्द्रित बनाई सक्षम र प्रतिष्पर्धी जनशक्ति तयार गर्न आवधिक राष्ट्रिय जनशक्ति योजना तर्जुमाका साथै नीतिगत र संरचनागत सुधार गरिनेछ ।

- शैक्षिक संस्थाको नक्साङ्कन र समायोजन गरी विद्यार्थी संख्या न्यून भएका स्थानहरुमा भर्ना दर वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न यातायात सुविधा सहितको "ठूला विद्यालय" (Big School) को अवधारणा लागू गरिनेछ । साथै मौसमी विषमता भएका स्थानहरुमा पठनपाठनलाई निरन्तरता दिन "आवासीय विद्यालय" (Residential School) संचालन गरिनेछ ।
- शिक्षामा संरचनागत परिवर्तन (Paradigm Shift) ल्याउन हालको अधिकांश विद्यार्थी साधारण शिक्षा केन्द्रित भएकोमा त्यसलाई ठीक उल्टो गरी प्राविधिक शिक्षा र साधारण शिक्षामा विद्यार्थी अनुपात ८०:२० बनाई प्राविधिक र व्यावसायिक सीपमुखी शिक्षा लागू गरिनेछ ।
- शिक्षण सिकाइलाई प्रयोगात्मक र रचनात्मक बनाउन संचार प्रविधिको उच्चतम उपयोगबाट स्मार्ट डिजिटल पूर्वाधार, बहुविधायुक्त पुस्तकालय निर्माण, विज्ञान प्रयोगशाला, खानेपानी शौचालय लगायतका पूर्वाधार निर्माण गरी स्मार्ट प्रविधियुक्त र वृक्षारोपण सहितको स्वच्छ र हरित विद्यालय निर्माण गरिनेछ ।

- विद्यार्थीलाई उद्यमशील, सीपयुक्त र आत्मनिर्भर बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढदै" कार्यक्रम प्रभावकारी रुपमा लागू गरिनेछ ।
-
- सामुदायिक विद्यालयको नतिजा सुधार गर्न उपयुक्त सुपरिवेक्षण (Supervision) र विद्यालय एवं स्थानीय तहको क्षमता विकासमा जोड दिइनेछ ।
- शिक्षालाई उदयीमान प्रविधिमैत्री र नेपाललाई योगा, ध्यानको आध्यात्मिक केन्द्र बनाउने गरी बौद्ध र सनातन धर्म तथा संस्कृतिको आधारमा पूर्वीय दर्शन प्रवर्द्धन हुने गरी पाठ्यक्रममा सामयिक परिमार्जन मार्फत प्रतिष्पर्धी, नैतिक र देशभक्त जनशक्ति उत्पादन गरिनेछ ।
- नेपाली इतिहास, भूगोल, साहित्य, संस्कृति, परम्परा, रहनसहन, राष्ट्रिय एकता, नागरिक अधिकार र दायित्व एवं नैतिक शिक्षा समावेश गरी पाठयक्रमलाई समयानुकुल परिमार्जन गरिनेछ ।
- कृत्रिम बौद्विकता र सूचना प्रविधि समेतका नवीनतम प्रविधिसँग अभ्यस्त बनाउन विद्यालय तहदेखि नै "विज्ञान प्रविधि इन्जिनियरिङ्ग र गणित" को दृष्टिकोणसहितको (Science, Technology, Engineering, Math/STEM Education) अध्ययन विधि अवलम्वन गरिनेछ ।
- शैक्षिक क्यालेण्डर (Education Calendar) अनिवार्य रुपमा लागू गराई समयमै अध्ययन सम्पन्न भै परीक्षाफल प्रकाशित गर्ने सुनिश्चित गराइनेछ ।
- अनुसन्धान तथा विकास क्षेत्रमा देशको पूँजीगत बजेटको ३ प्रतिशत अनिवार्य छुट्टयाई सो बाट प्राप्त नतिजालाई नवप्रवर्तन र उद्योगको प्रविधिसँग जोडिनेछ ।
- सरकारी र गैर–सरकारी क्षेत्रको साझेदारीमा "राष्ट्रिय रोजगारी तथा सीप विकास महाअभियान" तथा अनौपचारिक क्षेत्रमा कार्यरत कामदारको सीप परीक्षण गरी स्तरोन्नति गरिनेछ । एक संस्था एक उत्पादनको अवधारणा अघि बढाइनेछ।
- गरीब विद्यार्थीलाई शिक्षामा पहुँच बढाउन छात्रवृत्ति प्रदान तथा विद्यालय सिकाइ निरन्तरतामा अभिवृद्धि गर्न दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गराइनेछ ।
- सबै प्रकारका अपाङ्गता भएका बालबालिकालाई विभिन्न आधुनिक शिक्षण विधिबाट शिक्षामा पहुँच सुनिश्चित गरी उद्यमशीलता विकासमा जोडिनेछ ।
- विश्वविद्यालयमा दिइने अनुदानलाई नवप्रवर्तन, उत्पादन तथा उद्योगसँगको सहकार्यमा आधारित भएर थप अनुदानलाई प्रोत्साहित गर्ने व्यवस्था गरिनेछ। साथै, विज्ञान प्रविधि, नवप्रवर्तन र अनुसन्धानमूलक शिक्षाका लागि छुट्टै प्राज्ञिक संस्थाको रुपमा विशिष्टिकृत विश्वविद्यालय स्थापना गरिनेछ । नवप्रवर्तन प्रोत्साहनका लागि इन्कुवेशन सेन्टर र एसिलेरेशन सेन्टर स्थापना तथा विद्यमान अनुसन्धान केन्द्रको सुदृढीकरण गरी संचालन गरिनेछ ।
- शिक्षक प्रशिक्षण कार्यक्रम, विद्यार्थी सिकाइ उपलब्धी परीक्षणका आधारमा दण्ड र पुरस्कारको व्यवस्था, शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण र सुपरिवेक्षण संयन्त्र तयारी लगायतका प्रवन्ध गरी प्रविधियुक्त सेवा प्रवाह मार्फत शैक्षिक सुशासनलाई केन्द्रविन्दुमा राखिनेछ ।
- पाठ्यपुस्तकहरु नेपालको विविधता झल्कने गरी निर्माण झल्कने, लैंगिकमैत्री, अपाङ्गतामैत्री, जीवन उपयोगी शीप र यौन, यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षा सम्बन्धी पढ्यक्रम समेटिएको हुनेछ।

### ८.८ स्वास्थ्य सेवामा सुधार र आवास

- आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गरी गुणस्तरीय, समतामूलक र सर्वव्यापी पहुँचको सुनिश्चितता गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गर्दै सबै नागरिकलाई बीमा कार्यक्रममा अनिवार्य सहभागी गराउने र निरपेक्ष गरिबीको रेखामुनि रहेका सबै नागरिकको स्वास्थ्यसेवा निःशुल्क गर्ने, अर्थात "हुनेबाट लिएर नहुनेलाई उपचारको लाभ दिने" रणनीति अवलम्बन गरिनेछ ।
- आधारभूत स्वास्थ्यसेवा र अन्य सामाजिक सुरक्षाका कोषहरूका कार्यक्रमसँग यस (Preventive) कार्यक्रमलाई एकीकरण गरिनेछ ।
- आरोग्य केन्द्र (Wellness Center) स्थापना, योग, ध्यान लगायतका विधिबाट निरोधात्मक स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि नवीनतम प्रविधि र कृत्रिम बौद्धिकताको उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- सबै प्रदेशमा प्रेषण अस्पताल (Referral Hospital), जिल्लास्तरका अस्पतालबाट विशेषज्ञ सेवा (Specialized Service) प्रदान गर्ने गरी स्तरोन्नति र स्थानीय तहहरुमा सेवाग्राहीको चाप अनुसार नक्शाङ्कन गरी पूर्वाधार निर्माण तथा संस्थागत पुन:संरचना गरिनेछ ।यसका लागि आवश्यक जनशक्ति विकासमा लगानी बढाइनेछ ।
- देशभित्र खपत हुने औषधि औषधिजन्य सामग्री र खोपको उत्पादनमा आत्मनिर्भर भै बजार व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य प्रणाली सुधारका लागि लगानी अभिवृद्धि गर्नुका साथै वित्त सुशासन कायम गर्न जोड दिइनेछ ।
- व्यवस्थित बसाइसराइ र सन्तुलित जनसंख्या कायम गर्दै जनसांख्यिक लाभाशंको अधिकतम लाभ लिन जनसंख्या व्यवस्थापनका नवीनतम अवधारणा लागू गरिनेछ ।
- आरोग्य पर्यटन, आँखा उपचार सेवा, चिकित्सा शिक्षा, प्राकृतिक चिकित्सा, आयुर्वेद सेवा लगायतका नेपालको विशिष्टिकृत क्षेत्रको प्रवर्द्धन मार्फत स्वास्थ्य पर्यटनको विकास गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निरोधात्मक, निदानात्मक र उपचारात्मक विधिको सही संयोजन गरी एकिकृत स्वास्थ्य प्रणालीको अवलम्वन गरिनेछ ।
- निरोगी नेपाली अभियानलाई सुदृढ बनाउन सर्वसुलभ र प्रतिरोधात्मक स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली प्रवर्द्धन, प्राकृतिक तथा वैकल्पिक चिकित्सा प्रणालीको आधुनिकीकरण, स्वच्छ वातावरण सुनिश्चितता, स्वास्थ्य प्रविधिको उपयोग र सबै तहका सरकारबीच समन्वित कार्यान्वयनमार्फत समग्र जनस्वास्थ्यमा सुधार गरिनेछ।
- स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय सुनिश्चित गरी अधिकार, स्रोत र जनशक्ति सशक्तिकरणमार्फत स्वास्थ्य कार्यक्रमहरू

योजना, कार्यान्वयन र अनुगमनका चरणहरुमा प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थित गरिनेछ।

- आवासविहीन परिवारका लागि सहुलियत र सुरक्षित आवास कार्यक्रम कार्यान्वयन गर्नुका साथै असुरक्षित वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

- स्वास्थ्यकर्मीहरुको तलब सुविधा र मनोबल बढाउने नीति लागु गर्ने ।
- नेपालमा चिकित्सा शिक्षाको बढ्दो लागत शुल्क नियन्त्रण गर्ने ।

### ८.९ सामाजिक सुरक्षा

- वृद्ध, अपाङ्ग, एकल महिला, बालबालिका र गरिबीको रेखामुनिका नागरिकका लागि स्वास्थ्य, शिक्षा, रोजगारी र आवासको सुनिश्चितता प्रदान गर्ने,
- बेरोजगारी भत्ता, पेन्सन र स्वास्थ्य बीमा जस्ता सामाजिक सुरक्षा कार्यक्रमलाई एकिकृत प्रणालीको अवलम्वन गरी व्यापक र प्रभावकारी बनाउने,
- विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लक्षित समुदायलाई सामाजिक सुरक्षा कार्यक्रममार्फत सुरक्षा र राहत उपलब्ध गर्ने,
- भूकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक विपद् पूर्व तयारी तथा जोखिम न्यूनीकरण कार्यक्रम गर्ने ।

### ८.१० सुशासन र प्रभावकारितामा प्रतिबद्धता

(क) निजामती कर्मचारी सेवा प्रणालीको आमूल सुधार,

- कर्मचारी छनोट, पदोन्नति तथा स्थानान्तरणमा पारदर्शिता, योग्यता, उत्कृष्टता र निष्पक्षता कायम गर्ने,
- कर्मचारीहरूको कार्य सम्पादनको वस्तुगत र निष्पक्ष मुल्याङ्कनको आधारमा पुरस्कृत, पदोन्नति वा अवकास हुने व्यवस्था गर्ने,
- विज्ञता र उत्कृष्टताको आधारमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक पदहरूमा नियुक्त हुनसक्ने व्यवस्था गर्ने,
- कर्मचारीको क्षमता अभिवृद्धि, जवाफदेहिता र सेवा प्रवाहमा सुधारका लागि आधुनिक प्रवन्ध प्रणाली लागू गर्ने, निजामती संयन्त्रमा व्याप्त राजनैतिक हस्तक्षेप, ढिलासुस्ती र जिम्मेवारीहिनता हटाई पारदर्शी, योग्यतामा आधारित प्रशासनिक प्रणाली बनाउने ।
- कर्मचारी सङ्ख्या घटाउने र तलब बढाउने,
- प्रशासनलाई डिजिटलाईज गर्ने साथै "फेसलेस" बनाउने ।

(ख) सार्वजनिक स्रोतको दुरुपयोग र भ्रष्टाचार उन्मूलन,

- सार्वजनिक खरिद, बजेट व्यवस्थापन र विकास निर्माणमा पारदर्शिता र जवाफदेहिता बढाउने,
- भ्रष्टाचारविरुद्ध कडा कानुनी कारबाही र स्वतन्त्र अनुगमन प्रणालीको विकास गर्ने,

- भ्रष्टाचार नियन्त्रणका लागि डिजिटल ट्र्याकिङ प्रणाली र अनलाइन निगरानी प्रणाली र ब्लकचेन प्रविधिको उपयोग गरी नागरिक तथा समुदाय तहमा नै अभिमुखीकरण गरी भ्रष्टाचारको जरो उखेल्ने,
- भ्रष्टाचारजन्य घटनाहरूको सार्वजनिक अडिट गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पृष्ठपोषण दिन सक्ने गरी राज्यका सबै तहमा जनलोकपालको गठन गरिनेछ ।

(ग) जनमुखी कर प्रणाली,

- करको दर र प्रणाली सरल, पारदर्शी, जनमुखी बनाई आय र मुनाफामा कर छली तथा सर्वसाधारणमा करको बोझ घटाउने,
- करको राजस्वबाट सार्वजनिक सेवा र पूर्वाधार विकासमा प्रत्यक्ष लाभ पुग्नेगरी व्यवस्था मिलाउने ।

(घ) सुलभ आधारभूत सेवा प्रवाह,

- स्वास्थ्य, शिक्षा, पानी, बिजुली र यातायातजस्ता आधारभूत सेवा सबै नागरिकका लागि सहज, सुलभ र गुणस्तरीय बनाउने,
- ढिलाई, लापरवाही र भ्रष्टाचारको अन्त्य गरी डिजिटल प्रणालीमार्फत सेवा प्रवाह प्रभावकारी बनाउने ।

(ङ) सार्वजनिक प्रशासनमा नैतिकता प्रवर्द्धन

- नैतिक पूर्वाधार (Ethical Infrastructure) तयार गर्न सदाचार नीति, उत्तरदायित्व ऐन, स्वार्थको द्वन्द सम्वन्धी ऐनको तर्जुमा गर्नुका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका कानूनहरुलाई थप परिमार्जन गरिनेछ । नीतिगत निर्णयलाई परिभाषित गर्नुका साथै निजी क्षेत्र र गैर–सरकारी क्षेत्रलाई समेत अख्तियार अनुसन्धान आयोगको दायरामा ल्याइनेछ ।
- नैतिक आयोगको रुपमा राष्ट्रिय सतर्कता केन्द्रको पुन: संरचना गरिनेछ ।
- नैतिकता प्रवर्द्धन गर्न उच्च नेतृत्व तहबाट नै उदाहरणीय बन्ने अभ्यास गरिनेछ । राजनैतिक दलको परिचालनबाट जनतालाई राज्य प्रणाली र संविधानका हक र दायित्व बारे सचेतना र प्रतिवद्ध हुने संस्कारको विकास गरिनेछ ।
- नैतिकता प्रवर्द्धन गर्न सार्वजनिक प्रशासन र जनताको तहसम्म प्रशिक्षण र सचेतना कार्यक्रम सघन रुपमा संचालन गरिनेछ । विद्यालय तहदेखि नै नैतिक शिक्षालाई पाठ्यक्रममा समावेश गरिनेछ ।
- नैतिकता प्रवर्द्धन गर्ने संवैधानिक आयोग जस्ता नियामक निकाय (Oversight Agencies) को नवीनतम प्रविधिको उपयोग लगायतका विधिबाट क्षमता अभिवृद्धि गरिनेछ । अनुसन्धानलाई प्रविधिसँग जोड्ने र दक्ष जनशक्ति (Dedicated Human Resources) विकासलाई प्राथमिकतामा राखिनेछ ।
- सार्वजनिक कामकारवाहीमा सूचनाको हकको पालना, आयोजना सम्वन्धी विवरण निर्माणस्थलमा राख्ने लगायतका पारदर्शिता अभिवृद्धि र उत्तरदायित्वका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता संयन्त्रको उच्चतम उपयोग गरिनेछ ।
- नागरिकलाई योजना तर्जुमादेखि प्रतिफल वितरण र सेवा प्रवाहको डिजाइन देखि वितरणसम्मका सम्पूर्ण क्रियाकलापमा सहभागिता गराउने पद्दति अवलम्वन गरिनेछ ।

- सार्वजनिक कामकारवाहीको नागरिकस्तरबाटै मूल्याङ्कन गराउन सामाजिक लेखापरीक्षण इकाइ (Social Audit Panel) स्थानीयस्तरमा गठन गरिनेछ । यी काम गर्नका लागि क्षमता सुदृढ गर्न स्थानीयस्तरमा नागरिक सचेतना केन्द्र स्थापना र संचालन गरिनेछ ।

चौबिसै घण्टा सेवा प्रवाह (24 hour-service delivery) - पुरै अनलाईन पुरै उज्यालो!

- सबै सरकारी काममा टाइम कार्ड लागु गर्ने
- सबै सरकारी काममा आर्थिक कारोबार अनलाइनबाट हुने
-

### ८.११ आन्तरिक शान्ति र सुरक्षा व्यवस्था

- सुरक्षा संयन्त्रलाई व्यावसायीक बनाई प्रविधिमैत्री र आधुनिकीकरण गरिनेछ ।
- अपराध तथा संगठित अपराध रोकथाम गरी शान्तिसुरक्षाको प्रत्याभूत गरिनेछ ।
- देशका विभिन्न जाति, वर्ग र समुदायबीच सदभाव अभिवृद्धि गर्दै संघीय इकाइबीच सुमधुर सम्वन्ध कायम गरिनेछ ।
- सर्वाङ्गीण मानवीय सुरक्षाको लागि राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरिनेछ ।
- राष्ट्रिय सुरक्षामा नागरिक सहभागितालाई जोड दिइनेछ ।

## ९. अन्तर्राष्ट्रिय सम्बन्ध

उज्यालो नेपाल पार्टीको वैदेशिक नीति सार्वभौम र स्वतन्त्र राष्ट्रको रूपमा आपसी हित र अन्तर्राष्ट्रिय शान्ति, सुव्यवस्था कायम गर्नको निम्ति प्रतिबद्ध रहनेछ र पंचशीलको सिद्वान्तमा आधारित विदेश नीतिलाई अवलम्वन गरिनेछ । राज्यहरूको सार्वभौमसत्ताको परस्पर सम्मान, अनाक्रमण, अहस्तक्षेपमा आधारित रही प्रकृति र मानवताको रक्षाका लागि वैश्विक सहकार्य र बहुपक्षीयतामा सार्थक संलग्नतासहितको लोकतान्त्रिक र अन्तरनिर्भर विश्व समाज निर्माणको विदेश नीति अवलम्बन गरिनेछ । जसका लागि–

(क) हाम्रो देशको भौगोलिक सीमा जोडिएका छिमेकी मुलुकहरू र अन्य मुलुकसँगको सुमधुर र सौहार्दपूर्ण विशेष सम्बन्धलाई निरन्तरता दिइनेछ ।

(ख) बहुपक्षीयतामा सार्थक संलग्नतामा तथा बहुधुव्रीयतामा रणनीतिक स्वायत्तता र सन्तुलित कुटनीति अवलम्वन गरी आपसी सहयोग, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्ति, सुव्यवस्था कायम गर्नका लागि ती देशसँगको मैत्री सम्बन्धलाई निरन्तरता दिइनेछ ।

(ग) नेपाल पक्ष राष्ट्र भई विगतमा सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा घोषणापत्रहरूलाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ भने राष्ट्रिय हित प्रतिकूलका सन्धि, सम्झौताहरूलाई पुनरावलोकन गरी समयानुकूल परिमार्जन तथा संशोधन गरिनेछ ।

## १०. क्षेत्रगत विकास कार्यक्रम र प्राथमिकता

उज्यालो नेपाल पार्टीले माथिका प्राथमिकता र नीतिहरूमा आधारित रहि सम्बन्धित विज्ञहरूको सल्लाहमा विस्तृत क्षेत्रगत विकास कार्यक्रमहरू निर्धारण गर्नेछ । क्षेत्रगत विकास कार्यक्रमहरू शिक्षा, स्वास्थ, उद्योग, कृषि, पशुपालन, पर्यटन, भौतिक पुर्वाधार, जलश्रोत, पर्यावरण संरक्षण र जलवायु परिवर्तन, प्राकृतिक स्रोतसाधनको व्यवस्थापन र उपयोग, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, इन्टरनेट, एआई, बजार र निजी क्षेत्र, भाषा, संस्कृति, कला, इतिहास, साहित्य, सम्पदा, आन्तरिक सुरक्षा लगायतका विषयहरूमा बनाइनेछ ।

## ११. सङ्घीयताको सुदृढिकरण र शासकीय स्वरुप

### ११. १ संविधान संशोधन र कानून परिमार्जन मार्फत देहाय बमोजिम हुने व्यवस्था गरिनेछ ।

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा तीन तहको संघीयता रहने गरी राज्यको मूल संरचना रहनेछ । आलङ्कारिक राष्ट्रपति, शक्ति पृथकीकरण र शक्ति सन्तुलनको अवधारणामा प्रत्यक्ष असर नपर्ने
- गरी शासकीय प्रणालीको अवलम्वन गरिनेछ । यस विषयमा आम बहस गरी आवश्यक निर्णयमा पुगिनेछ।
- विषय विज्ञतालाई मूल आधार लिई मन्त्रीपरिषद् गठन गर्ने नीति अनुरुप मन्त्री पदमा चयन हुन संसदको सदस्य अनिवार्य नहुने प्रावधान लागू गरिनेछ । जनप्रतिनिधिमूलक शासन कायम गर्न र जनआवाजलाई प्रतिविम्वित गर्न मन्त्रिपरिषद्को कुल संख्यामा ५० प्रतिशत मन्त्री साँसदबाट हुने व्यवस्था गरिनेछ ।
- आर्थिक अभिवृद्धि गर्न र प्रशासनिक खर्च न्यून गर्न विविधता व्यवस्थापनको विषयलाई सम्वोधन हुने गरी प्रदेश संरचना पुनरावलोकन गरिनेछ ।
- संघीयता सवलीकरण हुने गरी सामर्थ्य र विश्वव्यापी मान्य सिद्धान्त बमोजिम संविधानको अधिकार सम्बन्धी अनुसूचीमा हेरफेर गरी तीन तह बीचको स्पष्ट अधिकारको विभाजन गरिनेछ ।
- भूगोल, जनसंख्याको अवस्था, यातायातको सुगमता, प्राकृतिक श्रोतको उपलब्धता, सरकारी सेवा सुविधा पाइने केन्द्रहहरुलाई हेरेर स्थानीय तह निर्धारण गर्ने मापदण्ड निर्माण गरी स्थानीय तहको पुन: संरचना गरिनेछ ।
- प्रदेशको कार्यकारी प्रमुख (मुख्यमन्त्री) लाई पनि प्रत्यक्ष जनताबाट निर्वाचित गर्ने जसले प्रदेशको शासन प्रणालीलाई जनमुखी र जवाफदेहितापूर्ण बनाउँछ,
- जातीय, भाषिक र सांस्कृतिक विशेषता र विकासको अवस्थाका आधारमा अधिकार सम्पन्न स्वायत्त क्षेत्र, संरक्षित र विशेष क्षेत्रहरू,
- कार्यपालिकाको हस्तक्षेपबाट मुक्त राख्न स्वतन्त्र निकायका रुपमा संवैधानिक आयोगको भूमिकालाई सुदृढ गरिनेछ । विद्यमान संवैधानिक आयोगको कार्यक्षेत्रमा रहेको दोहोरोपनलाई हटाई अत्यावश्यक पर्ने सीमित संवैधानिक आयोग कायम गरिनेछ ।
- संघीयताको मर्म र संविधानको प्रावधान बमोजिम प्रहरी समायोजनको कार्य शीघ्र सम्पन्न गरी जिल्ला प्रहरी कार्यालयहरु खारेज गर्ने र स्थानीय तहमा रहेका प्रहरी कार्यालयहरुको स्तरोन्नति गर्ने कार्य तत्काल सम्पन्न गरिनेछ ।

- जनतालाई लोकतन्त्रको लाभांश प्राप्त गरेको अनुभूत गराउन प्रत्यक्ष सेवा प्रवाह गर्ने निकायहरु स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।
- नवीन सार्वजनिक व्यवस्थापनको अवधारणा अनुसार नागरिक सेवा प्रापकको रुपमा मात्र नराखी सेवा वितरणसम्म संलग्न गराउन सहभागितामूलक विकासको मोडल लागू गर्न र मागमा आधारित रणनैतिक योजना संघबाट सम्पन्न गर्न स्थानीयस्तरको निर्णय र उच्च तहको संलग्नतामा कार्यान्वयन गर्ने विधि अवलम्वन गरिनेछ ।
- स्थानीयस्तरमा नियमित कामसँग जोडिने मालपोत र नापी लगायतका सेवाहरु स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।
- संविधानत: प्रदेशलाई प्रदत्त भूमि व्यवस्थापन सम्बन्धी काम थप व्यवस्थित गरी शीघ्र सेवा प्रदान गर्न प्रदेश सरकारलाई हस्तान्तरण गरिनेछ ।

**११. २ राजनीतिक संरचनामा सुधारका लागि देहायको प्रवन्ध गरिनेछ**

- राष्ट्रपति एक कार्यकाल
- उपराष्ट्रपति एक कार्यकाल
- प्रधानमन्त्री २ कार्यकाल
- मन्त्री २ कार्यकाल
- सांसद २ कार्यकाल
- सांसद उम्मेदवार बढीमा २ पटक
- स्थानीय तहको हरेक पदमा (वडाध्यक्ष, उप प्रमुख तथा उपाध्यक्ष र प्रमुख तथा अध्यक्ष) २ कार्यकाल
- समानुपातिक साँसद एक पटक मात्र (सरकारको सिफारिसमा हुने समेत)
- राजनीतिक नियुक्ति एक पटक मात्र (संवैधानिक आयोगदेखि राजदूतसम्म)

**११.३ प्रशासनिक संरचनामा सुधारका लागि देहायको प्रवन्ध गरिनेछ ।**

- कार्य क्षेत्रको स्पष्ट किटान गरी कार्यसम्पादन सूचकको आधारमा मूल्याङ्कन गर्न, तीनै तहबीच प्रशासनिक अन्तरसम्बन्ध कायम गर्न र सबै कर्मचारीको वृत्ति विकासमा एकरूपता ल्याउन सबै सेवामा तहगत प्रणाली लागू गरिनेछ ।
- निजामती सेवाको सट्टा नागरिक सेवा वा सार्वजनिक सेवा वा जनसेवा नामाकरण गरिने छ ।
- स्थानीय तहको प्रशासकीय प्रमुख र लेखा प्रमुख संघको कर्मचारी रहने संघ र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई मजबुत गरिनेछ।
- परम्परागत प्रशासनको सट्टामा प्रविधिमैत्री नवीन प्रशासन अवलम्बन गर्दै कर्मचारी प्रशासनमा अनुमानयोग्य बढुवा प्रणाली मार्फत बढुवा र चक्रीय तथा अनुमानयोग्य सरुवा प्रणाली, कामका आधारमा कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अवलम्बन गर्दै कार्यसम्पादनमामा आएका कर्मचारीको स्वत: अवकाश हुने व्यवस्था हुने गरी प्रशासनलाई प्रभावकारी बनाइनेछ।

- ५० बर्ष नाघेका कार्यसम्पादन कमजोर भएका र निजामती सेवामा काम गर्न अनिश्छुक कर्मचारीहरुलाई स्वेच्छिक अवकासमा जाने व्यवस्था गरी यसरी सेवा अवधि भन्दा अगावै अवकाश हुने कर्मचारीहरुलाई स्टार्टअप व्यवसायको लागि लगानीको व्यवस्था गरिने छ।
- अवकाश पश्चात मुलुकको सेवाको लागि कर्मचारीहरुको उपयोग गर्ने नीति लिइनेछ तर यसरी अवकाश पश्चात सेवामा रहँदा दोहोरो सुविधा लिन नपाउने व्यवस्था गरिनेछ ।
- राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र बीच स्पष्ट जिम्मेवारी र दायित्व किटान गरी प्रभावकारी रुपमा लागू गरिनेछ।
- सरकारी सेवामा सवारी साधनको सुविधा पाउने पदाधिकारीहरुका लागि लागत साझेदारीमा सवारी साधन (सरकारले सवारी साधन उपलब्ध नगराउने) उपलब्ध गराउने नीति अबलम्बन गरिने छ ।
- सरकारी सेवालाई प्रभावकारी बनाउन निजामती कर्मचारी प्रशासन, शिक्षक र स्वास्थ्यकर्मी ट्रेड युनियन विहीन हुने गरी कानुन बनाई लागू गरिनेछ ।
- "जनजनमा प्रविधि घरघरमा सेवा" अवधारणा लागू गर्न स्थानीय भाषामा समेत डिजिटल नागरिक वडापत्र राख्ने प्रवन्ध गरी समयमै सेवा प्रवाह हुने सुनिश्चिताका लागि क्षतिपूर्तिसहितको नागरिक वडापत्र लागू गरिनेछ।
- स्थानीय स्तरमा कर्मचारी खटाउँदा स्थानीय भाषा र संस्कृतिको प्रशिक्षण दिएर मात्र खटाई सांस्कृतिक रुपमा सक्षम कर्मचारीतन्त्र निर्माण गरिनेछ ।

  सार्वजनिक प्रशासनलाई नैतिक र आचरणयुक्त बनाउन कानून र मापदण्ड बनाई लागू गर्ने र सो को सघन अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई नैतिक आयोगको रुपमा पुन:संरचना गरिनेछ ।

**११.४ शासकीय सुधार र सार्वजनिक सेवा प्रवाह चुस्त बनाउन देहायको प्रवन्ध गरिनेछ ।**

- सेवा प्रवाह एकीकृत रुपमा संचालन गर्न दोहोरो कार्यालयहरु खारेज गर्ने जस्तै: कोष तथा लेखा नियन्त्रक कार्यालय, डिभिजन सहकारी, पर्यटन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र जिल्ला हुलाकको काम स्थानीय तहबाट गर्ने गरी नेटवर्क गभर्नेन्स मार्फत कार्य सम्पादन हुने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रदायक कार्यालयहरुमा कार्यालय प्रमुख र कर्मचारी संगै वस्ने लेआउट मिलाइ सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाइनेछ। निर्णय तह घटाउने एकै डेस्कबाट सबै निर्णय हुने व्यवस्था गरी सेवा प्रदान गर्ने ।
- सबै सरकारी सेवाहरुलाई अन्तर आवद्धतासहित डिजिटल सेवा प्रवाह गरी फेसलेस तथा "सिमलेस" सेवा प्रवाह गरिनेछ ।
- नागरिकता ऐनमा संसोधन गरी नागरिकता र राष्ट्रिय परिचयपत्रको दोहोरोपन हटाउने ।
- चालिस प्रतिशत भन्दा बढी लागत साझेदारी रहेको बाहेकका विकास निर्माणका काम उपभोक्ता समितिबाट नगराउने तथा अनुदान सहायता, राजस्व छुट तथा मिनाहा कानून बनाएर मात्र दिई पारदर्शिता कायम गरिनेछ।

## १२. समन्यायिक भविष्यको सुनिश्चितता

उज्यालो नेपाल पार्टीले "उज्यालो भविष्य" सुनिश्चित गर्न सुशासन, समृद्धि र सामाजिक न्यायलाई आधारभूत स्तम्भका रूपमा अघि सारेको छ । पार्टीले उत्पादन र रोजगारीमा जोड दिँदै जलविद्युत्, पर्यटन, उच्च मूल्यका कृषि उत्पादन र प्रविधिमैत्री उद्योगको विकासमार्फत आर्थिक आत्मनिर्भरता हासिल गर्ने लक्ष्य राखेको छ । यसबाट युवालाई स्वदेशमै अवसर र रोजगारीको स्थिति सिर्जना भई देशको अर्थतन्त्र आत्मनिर्भर बन्नेछ । सामाजिक न्यायका लागि पार्टीले जातीय, लैङ्गिक र क्षेत्रीय विभेदको अन्त्य गर्दै सबै नागरिकका लागि निशुल्क स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता गरेको छ । यसले समाजमा समानता कायम हुने र सबैको उच्च गरिमा र मर्यादा कायम हुनेछ । सुशासनका लागि पार्टीले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, पारदर्शी शासन प्रणाली र जनमुखी सेवा प्रवाहमा जोड दिँदै राज्य संयन्त्रलाई चुस्त, जवाफदेही र प्रभावकारी बनाउने योजना अघि सारेको छ । साथै, जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गरी समृद्ध समाज निर्माणका लागि हरित ऊर्जा, डिजिटल अवसंरचना र विशिष्टिकृत कृषि प्रणालीको विकासमा जोड दिएको छ । यसरी पार्टीले आर्थिक, सामाजिक र पर्यावरणीय स्थायित्वका माध्यमबाट नेपालको उज्यालो, समृद्ध र न्यायपूर्ण भविष्य निर्माण गर्ने लक्ष्य अघि सारेको छ ।

उज्यालो नेपाल पार्टीले परिकल्पना गरेको समन्यायिक समाजमा सबै समुदाय र नागरिकले समान अवसर, गरिमा र सुरक्षाको अनुभूति गर्नेछन् । त्यो भविष्यमा देश आर्थिक रूपमा आत्मनिर्भर हुनेछ– जलविद्युत्, पर्यटन, उच्च मूल्यका कृषि उत्पादन र प्रविधिमैत्री उद्योगहरूको विकासले रोजगारीको सिर्जना हुनेछ र युवाहरूको पलायन रोकिएर स्वदेशमै समृद्ध जीवनयापनको अवसर मिल्नेछ । समाजमा जातीय, लैङ्गिक र क्षेत्रीय विभेदको अन्त्य भई सबै नागरिकले गुणस्तरीय स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सुविधा उपभोग गर्नेछन् । जहाँ कुनैपनि समुदाय पछाडि पर्ने छैनन् । राज्यको शासन प्रणाली पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त हुनेछ । कानुनको शासन दृढ रूपमा कायम रहनेछ । नागरिकको आवाज र आवश्यकतालाई प्राथमिकता दिइनेछ । पर्यावरणीय संरक्षण र जलवायु परिवर्तनको जोखिम न्यूनीकरणले देशलाई हरित र स्वच्छ बनाउनेछ । जहाँ प्राकृतिक स्रोत, साधनको दीगो प्रयोगले भविष्य पिँढीलाई सुरक्षित र समृद्ध वातावरण हस्तान्तरण हुनेछ । जनसेवा केन्द्रित उज्यालो भविष्य भनेको एक समतामूलक, समृद्ध, न्यायपूर्ण र सभ्य समाज हो । यसमा सबै नागरिकको सपना र आकाङ्क्षा पूरा भई नेपालको गरिमा विश्व समुदायमा उच्च रहनेछ ।

## १३. हाम्रो अपील–नाराहरू

(क) "उज्यालो नेपाल, उज्यालो भविष्य !"

(ख) "समृद्धि र सामाजिक न्याय – हाम्रो लक्ष्य, सुशासन – हाम्रो बाटो !"

(ग) "नयाँ नेतृत्व, पारदर्शी शैली !"

(घ) "संविधानको रक्षा, समावेशी लोकतन्त्रको यात्रा !"

(ङ) "स्वाभिमानी राष्ट्र, आत्मनिर्भर अर्थतन्त्र !"

(च) “युवा रोजगार – स्वदेशमै उत्पादन !”

(छ) “सांस्कृतिक विविधता – हाम्रो यथार्थ, हाम्रो शक्ति !”

(ज) “अँध्यारो विभेदको अन्त्य, उज्यालो समानताको सुरुवात !”

(झ) “भ्रष्टाचारको अन्त्य, सुशासनको सुरुवात !”

(ञ) “प्रकृति संरक्षण, भविष्य सुरक्षण !”

(ट) “स्वायत्तता, समृद्धिको आधार !”

(ठ) “विधिको शासन, सबैको विश्वास !”

(ड) “नयाँ पुस्ता–नयाँ नेपाल !”

(ढ) “जनताको बलिदानलाई परिणाममा बदलौं !”

(ण) “सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र – एकता मन्त्र !”

**थप नाराहरू:**

“सुशासन, सुरक्षा र विकास - उज्यालो नेपालको आधार”, “बिकास, न्याय र समृद्धिको उज्यालो बाटो”, "उज्यालो नेपाल: पारदर्शिता, प्रगति र न्यायको राजनीति", "उज्यालो नेपाल: उज्यालोसँगै नयाँ युगको सुरुवात","उज्यालो नेपाल: सुशासन, समृद्धि र समानताको प्रतिबद्धता", "उज्यालो नेपाल: स्वच्छ राजनीति, उज्यालो भविष्य", "उज्यालो नेपाल: युवाको शक्ति, देशको उज्यालो", "उज्यालो नेपाल: परिवर्तन होइन, रूपान्तरण", आत्मसम्मान, समानता र समृद्धिको आधार - उज्यालो नेपाल”, “महिला र युवा रोजगार - संवृदीको आधार”, "उज्यालो नेपाल: पारदर्शिता, प्रगति र न्यायको राजनीति", "उज्यालो नेपाल: उज्यालोसँगै नयाँ युगको सुरुवात", "उज्यालो नेपाल: सुशासन, समृद्धि र समानताको प्रतिबद्धता", "उज्यालो नेपाल: स्वच्छ राजनीति, उज्यालो भविष्य", "उज्यालो नेपाल: युवाको शक्ति, देशको उज्यालो". "उज्यालो नेपाल: परिवर्तन होइन, रूपान्तरण", "उज्यालो नेपाल: विभेद बिरुद्ध समतामूलक समाजको निर्माण उज्यालो”, “उज्यालो नेपाल: नेपाल र नेपालीको चौतर्फी बिकास”, “उज्यालो नेपाल : महिलाको राजनैतिक अधिकार स्थापित”, “उज्यालो नेपाल : बालबालिकाको शिक्षा र स्वास्थ सुनिस्चित”, “Ujyalo Nepal – Actions, Not Speeches”, “Ujyalo Nepal Give Us One Chance”